गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय

# प्रदेश आयुर्वेद चिकित्सालय

बेशीसहर, लमजुङ, नेपाल
मितिः २०८३/०४/१२

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली २०६५ को नियम ३ बमोजिम प्रकाशित विवरणः

**आ. व. २०८२/०८३ चौथो त्रैमासिक (२०८३ बैशाख देखि असार मसान्त सम्म)**

## १) कार्यालयको स्वरुप र प्रकृतिः

आयुर्वेद चिकित्सा वैदिक काल देखि शास्वत रुपमा चल्दै आएको चिकित्सा पद्धति हो।२०५१ सालमा यो कार्यालय जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, लमजुङको रुपमा स्थापना भएको हो।हाल मिति२०८१/०३/१० को स्वास्थ्य मन्त्रालय गण्डकी प्रदेशको परिपत्र अनुसार यस कार्यालयको नाम संशोधन भइ प्रदेश आयुर्वेद चिकित्सालय बेशीसहर लमजुङ भएको छ।प्रारम्भमा यो स्वास्थ्य केन्द्र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय आयुर्वेद विभाग अन्तर्गत रहने गरी संचालन भयो।संघिय लोकतान्त्रिक गणतन्त्र स्थापना भइ सात प्रदेश विभाजन पश्चात गण्डकी प्रदेश सरकार स्वास्थ्य मन्त्रालय अन्तर्गत संचालित छ। विगतमा यस केन्द्रले श्रीमञ्ज्याङ (दोर्दी गा.पा.-३ ), पानिनुनखानी (मर्स्याङ्दी गा.पा.-६ ), सोतिपसल (मध्यनेपाल न.पा.-२ ), सिन्दुरे (सुन्दरवजार न.पा.-११ ), भोटेओडार (सुन्दरवजार न.पा.-९), चक्रतिर्थ (राइनास न.पा.-५ ) र तार्कुघाट (राइनास न.पा.-८ ) आयुर्वेद औषधालय गरी विभिन्न स्थानीय तहमा रहेका ७ वटा आयुर्वेद औषधालयहरुको समेत आर्थिक र प्रशासनिक जिम्मेवारी वहन गर्दै आएको थियो। संघीयताको स्थापना पछि आयुर्वेद औषधालयहरु स्थानीय सरकार अन्तर्गत रही संचालन भइरहेका छन्।यस चिकित्सालयद्वारा आयुर्वेद तथा बैकल्पिक चिकित्सा विभागको कार्यक्रम अन्तर्गत जिल्ला भित्र आयुर्वेद स्वास्थ्य संस्था नभएका पालिकाहरुमा नागरिक आरोग्य सेवा केन्द्र स्थापना गरी आयुर्वेद सेवा सुचारु गर्ने क्रममा दुधपोखरी ६गौंडा, क्व्होलासोथर ३ घलेगँउ र बेशीसहर २ भकुण्डेमा स्थापना गरी स्थानीय तहलाई हस्तान्तरण गरिसकिएको छ। हाल ती नागरिक आरोग्य सेवा केन्द्रहरु स्थानीय तह अन्तर्गत संचालनमा रहेको छ।

## २) कार्यालयको काम, कर्तव्य र अधिकारः

- नेपाल सरकारद्वारा सञ्चालित आयुर्वेद स्वास्थ्य सेवा सम्बन्धी कार्यक्रमहरु गर्ने।
- जिल्लामा सञ्चालित आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा सञ्चालन प्रदान गर्ने सरकारी तथा निजी संस्थाबाट प्रदान गरिने सेवाको अनुगमन निरीक्षण तथा आवश्यक मार्गदर्शन दिने।
- अन्य दैनिक प्रशासनिक कार्यहरु गर्ने
- आयुर्वेद विधिबाट रोग पहिचान एवं उपचार गर्ने।
- योग अभ्यास एवं स्वस्थ जिवनशैलीको परामर्श ।

# ३) कर्मचारी दरवन्दी तेरिज र पदपूर्ति विवरण

## क. कर्मचारी दरवन्दी तेरिज र पदपूर्ति विवरणः

| क्र.सं | पद | सेवा | समुह | श्रेणी तह | दरवन्दी | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | आयुर्वेद चिकित्सक | स्वास्थ्य | आयुर्वेद | आठौं | १ | १ | ० | |
| २ | कविराज | स्वास्थ्य | आयुर्वेद | पाँचौं/छैठौं/सातौं | १ | ० | १ | |
| ३ | वैद्य | स्वास्थ्य | आयुर्वेद | चौंथो/पाँचौं/छैठौं | २ | २ | ० | |
| ४ | सह/लेखापाल | प्रशासन | लेखा | चौंथो/पाँचौं | १ | ० | १ | |
| ५ | कार्यालय सहयोगी | प्रशासन | प्रशासन | श्रेणी विहिण | २ | ० | २ | २ करार |

## ख. कार्यालयमा रहेका कर्मचारी संख्या र कार्य विवरणः

| क्र सं | पद हालको | तह श्रेणी | कर्मचारीको नाम थर | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|
| १ | आयुर्वेद चिकित्सक | आठौं | डा. कुमार कासुला | कार्यालय प्रमुख, गुनासो सुन्ने अधिकारी, बिरामी जाँच एवं उपचार | |
| २ | आयुर्वेद चिकित्सक | आठौं | डा. रोजिना पौडेल | बिरामी जाँच एवं उपचार | छात्रवृत्ति करार ०८३/०२/०१ गते बाट सरुवा भइ जानुभएको |
| ३ | वैद्य निरीक्षक | छैठौं | श्री सावित्री न्यौपाने | सूचना अधिकारी, | |
| ४ | वैद्य निरीक्षक | छैठौं | श्री प्रेम प्रसाद पौडेल | प्रशासन, तथ्याङ्क, भण्डार शाखा | |
| ५ | कार्यालय सहयोगी | श्रेणीविहीन | श्री ईश्वरी बोहरा दिक्षित | सरसफाइ, कार्यालय सुरक्षा | दरवन्दी करार, २०८३ आषाढ मसान्तसम्म |
| ६ | कार्यालय सहयोगी | श्रेणीविहीन | श्री सीता पण्डित घिमिरे | सरसफाइ, कार्यालय सुरक्षा | दरवन्दी करार, २०८३ आषाढ मसान्तसम्म |
| ७ | ल्याब टेक्निसियन | पाचौं | श्री सावित्री राउत | ल्याब सेवा | कार्यक्रम करार, २०८३ आषाढ मसान्तसम्म |
| ८ | अभ्यङ्गकर्ता | श्रेणीविहीन | श्री नम्रता गुरुङ गैरे | पुर्वकर्म, स्नेहन, स्वेदन आदि | कार्यक्रम करार, २०८३ आषाढ मसान्तसम्म |
| ९ | अभ्यङ्गकर्ता | श्रेणीविहीन | श्री भोला गैरे सार्की | पुर्वकर्म, स्नेहन, स्वेदन आदि | कार्यक्रम करार, २०८३ आषाढ मसान्तसम्म |
| १० | कविराज | पाँचौं | श्री अविना थापा मगर | बिरामी जाँच एवं उपचार | कार्यक्रम करार, २०८३ आषाढ मसान्तसम्म |
| ११ | अभ्यङ्गकर्ता | श्रेणीविहीन | श्री नेन्सी सुनार | पुर्वकर्म, स्नेहन, स्वेदन सरसफाइ, कार्यालय सुरक्षा आदि | कार्यक्रम करार, २०८३ आषाढ मसान्तसम्म |

## ४) कार्यालयबाट प्रदान गरिने सेवाहरुः

- बिरामी परीक्षण तथा निःशुल्क औषधि वितरण
- पञ्चकर्म, पुर्वकर्म, स्नेहन, स्वेदन, शिरोधारा, वस्ति सेवा
- प्रयोगशाला सेवा ( निःशुल्क )
- योग अभ्यास एवं स्वस्थ जिवनशैलीको परामर्श
- जेष्ठ नागरिक आरोग्य सेवा कार्यक्रम
- स्तनपायी आमालाई मातृशिशु सुरक्षार्थ दुग्धबर्धक औषधि वितरण
- स्वस्थ जीवनशैली कार्यक्रम सञ्चालन
- शल्य चिकित्सा सेवा (क्षारसुत्र, अग्निकर्म)
- मर्म चिकित्सा सेवा

## ५) सेवा प्रदान गर्न लाग्ने समय र दस्तुर नागरिक वडापत्र

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय

**प्रदेश आयुर्वेद चिकित्सालय**

बेसीशहर, लमजुङ, नेपाल

**नागरिक-वडापत्र/Citizen–Charter**

| क्र.सं. | सेवाको किसिम | उपलब्ध सेवाहरु | समय | लाग्ने शुल्क | लाग्ने समय | जिम्मेवार शाखा तथा कर्मचारी | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|---|
| १. | बिरामीको नाम दर्ता | सोधपुछ/ नाम दर्ता | बिहान ९:००- ३:०० बजेसम्म | नि:शुल्क | तुरुन्त | सम्बन्धीत शाखा / कर्मचारी | कार्यालय प्रमुख |
| २. | बहिरङ्ग सेवा /ओ.पी.डि. | बिरामीको स्वास्थ्य परिक्षण परामर्श तथा उपचार | बिहान ९:००- ३:०० बजेसम्म | नि:शुल्क | तुरुन्त | प्राविधिक कर्मचारी | कार्यालय प्रमुख |
| ३. | प्रयोगशाला/ल्याब सेवा | रगत, दिसा, पिशाब, आदिको परिक्षण | बिहान ९:००- ३:०० बजेसम्म | नियमानुसार शुल्क लाग्ने | परामर्श अनुसार | प्राविधिक कर्मचारी | कार्यालय प्रमुख |
| ४. | पञ्चकर्म/ पुर्वकर्म सेवा | स्नेहन, स्वेदन, शिरोधारा, वस्ति, नस्य, आदि | बिहान ९:००- ३:०० बजेसम्म | नियमानुसार शुल्क लाग्ने | परामर्श अनुसार | सम्बन्धित शाखा / प्राविधिक कर्मचारी | कार्यालय प्रमुख |
| ५. | औषधि वितरण | आवश्यक औषधि वितरण | बिहान ९:००- ३:०० बजेसम्म | नि:शुल्क | तुरुन्त | सम्बन्धित शाखा/ कर्मचारी | कार्यालय प्रमुख |
| ६. | जेष्ठ नागरिक स्वास्थ्य प्रवर्द्धन सेवा | रसायन औषधि वितरण जेष्ठ नागरिक परिचय पत्र आवश्यक | बिहान ९:००- ३:०० बजेसम्म | नि:शुल्क | तुरुन्त | सम्बन्धित शाखा / कर्मचारी | कार्यालय प्रमुख |
| ७. | स्तनपायी आमालाई मातृशिशु सुरक्षार्थ स्तन्यबर्धक औषधि वितरण | दुग्धवर्धक औषधि वितरण शिशुको जन्म दर्ता आवश्यक | बिहान ९:००- ३:०० बजेसम्म | नि:शुल्क | तुरुन्त | सम्बन्धित शाखा / कर्मचारी | कार्यालय प्रमुख |
| ८. | जीवनशैली परामर्श तथा योग | योग अभ्यास तथा स्वस्थ रहने परामर्श | कार्यालयको तालिका अनुसार | नि:शुल्क | तुरुन्त | सम्बन्धित शाखा / कर्मचारी | कार्यालय प्रमुख |
| ९. | लेखा तथा प्रशासनिक कार्य | लेखा र प्रसासन सम्बन्धी कार्यहरु | बिहान ९:००- ५:०० बजेसम्म | नियमानुसार | नियमानुसार | सम्बन्धीत शाखा / कर्मचारी | कार्यालय प्रमुख |
| १०. | नीजि स्वास्थ्य संस्था दर्ता/नविकरण सम्बन्धि सेवा | संस्था दर्ता तथा नविकरण | बिहान ९:००- ५:०० बजेसम्म | नियमानुसार | नियमानुसार | सम्बन्धित शाखा / कर्मचारी | कार्यालय प्रमुख |

सूचना अधिकारीको नाम: सावित्री न्यौपाने
सम्पर्क नम्बर: ९८५६०४६४७७

## ६) निर्णय गर्ने प्रक्रिया र अधिकारः यस कार्यालयका कर्मचारी बैठक र कार्यालय प्रमुख

## ७) निर्णय उपर उजुरी सुन्ने अधिकारीः कार्यालय प्रमुख

## ८) सम्पादन गरेको कामको विवरणः

<u>प्रदेश सामानिकरण पूँजीगत बजेट अन्तर्गत :</u> भवनको रंगरोगन, मर्मत संभार, फर्निचर तथा कम्प्युटर, प्रिन्टर खरिद गरिएको ।

<u>प्रदेश सामानिकरण चालु बजेट अन्तर्गत</u>

- आयुर्वेद चिकित्सालयमा आउने बिरामीहरुको परीक्षण, परामर्श एवं निःशुल्क उपलब्ध औषधि वितरण गरिरहेको।
- पञ्चकर्म, पुर्वकर्म, स्नेहन, स्वेदन, वस्ति, शिरोधारा, सेवा नियमित संचालन गरिरहेको।
- प्रयोगशाला सेवा निःशुल्क रुपमा सञ्चालनमा रहेको ।
- बेसीशहर न.पा.-३, रानीकुवामा आयुर्वेद आउटरिच क्लिनिक सेवा सञ्चालन गरि निरन्तर आयुर्वेद सेवा प्रदान गरिएको ।
- मिति २०८३/०१/०४ गते सुन्दरवजार न.पा.-७ तार्कुटारमा रहेको सुन्दरवजार अस्पतालको खोप केन्द्र तथा बर्थिङ सेन्टरमा मातृशिशु सुरक्षार्थ शतावरी चुर्ण, दशमुल तेल, ज्वानो चुर्ण, वितरण गरी दुग्धवर्धक जडिबुटी एवं स्तनपान सम्वन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको।
- मिति २०८३/०१/२७ गते दोर्दी गाँउपालिका वडा नं-४, सेरा लमजुङमा स्वस्थ जीवनशैली कार्यक्रम आयोजना गरी सम्पन्न गरिएको ।
- मिति २०८३/०२/०८ गते स्थानीय तहका स्वास्थ्य समस्याहरुको पहिचान तथा संवोधनका लागि बिशेष कार्यक्रम अन्तर्गत दोर्दी गा.पा.-३, स्थीत श्रीमङ्याङ आयुर्वेद औषधालयको न्युनतम सेवा मापदण्ड (MSS) कार्यक्रम आयोजना गरी सम्पन्न गरिएको ।
- मिति २०८३/०२/३० गते प्रदेश जनस्वास्थ्य कार्यलय लमजुङको समन्वयमा सोहि कार्यालयमा योग ध्यान एवं स्वस्थ जीवनशैली मार्फत नसर्ने रोग रोकथाम एवं मानसिक स्वास्थ्य प्रवर्द्धन कार्यक्रम आयोजना गरी सम्पन्न गरिएको ।
- मिति २०८३/०३/०३ गते देखि प्रदेश आयुर्वेद चिकित्सालयको आउटरिच क्लिनिक वेसीशहर न.पा.-३, रानीकुवाको योगहलमा योग ध्यान एवं स्वस्थ जीवनशैली मार्फत नसर्ने रोग रोकथाम एवं मानसिक स्वास्थ्य प्रवर्द्धन कार्यक्रम अन्तर्गत दैनिक बिहान योग ध्यान सञ्चालन भइरहेको ।
- मिति २०८३/०३/०५ गते स्थानीय तहका स्वास्थ्य समस्याहरुको पहिचान तथा संवोधनका लागि बिशेष कार्यक्रम अन्तर्गत सुन्दरवजार न.पा.-११, स्थीत सिन्दुरे आयुर्वेद औषधालयको न्युनतम सेवा मापदण्ड (MSS) कार्यक्रम आयोजना गरी सम्पन्न गरिएको ।

- मिति २०८३/०३/०७ गते Yoga For Healthy Ageing (स्वस्थ बृद्धावस्थाका लागि योग) भन्ने आदर्श वाक्यका साथ प्रदेश आयुर्वेद चिकित्सालयको आउटरिच क्लिनिक भवन, बेसीशहर न.पा.-३, रानिकुवा मा अन्तराष्ट्रिय योग दिवसको आयोजना गरी मनाइएको ।
- मिति २०८३/०३/१० गते स्थानीय तहका स्वास्थ्य समस्याहरुको पहिचान तथा संवोधनका लागि बिशेष कार्यक्रम अन्तर्गत मर्स्याङ्दी गा.पा.-६, स्थीत पानीनुनखानी आयुर्वेद औषधालयको न्युनतम सेवा मापदण्ड (MSS) कार्यक्रम आयोजना गरी सम्पन्न गरिएको ।
- मिति २०८३/०३/१३ गते मर्स्याङ्दी गा.पा.-४, जगत लमजुङमा योग ध्यान एवं स्वस्थ जीवनशैली मार्फत नसर्ने रोग रोकथाम एवं मानसिक रोग प्रवर्द्धन कार्यक्रम आयोजना गरि सम्पन्न गरिएको ।

**संघ सशर्त अनुदान बजेट अन्तर्गत**

- चिकित्सालयमा आउने बिरामीहरुको परीक्षण परामर्श एवं निःशुल्क उपलब्ध औषधि वितरण गरिएको।
- पञ्चकर्म, पुर्वकर्म, स्नेहन, स्वेदन, वस्ति, शिरोधारा सेवा नियमित संचालन गरिरहेको।
- स्तनपायी/सुत्केरी आमाहरुलाई कार्यालयबाटै दुग्धवर्धक औषधि वितरण गरिरहेको।
- जेष्ठ नागरिक सेवा निरन्तर रुपमा सञ्चालनमा रहेको ।
- ल्याब सेवा नियमित संचालन गरिरहेको।

**चिकित्सालयबाट प्रदान भएका सेवाहरुको विवरण** (बैशाख, जेष्ठ, असार महिनाको)

| प्रकार | सेवाग्राहीको सख्या | | | कैफियत |
|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | |
| OPD सेवाग्राही | ८४९ | ६२३ | १४७२ | |
| सल्य चिकित्सा सेवा | १ | ३ | ४ | |
| योग सेवा | ९३ | ८८ | १८१ | |
| पूर्वकर्म/पञ्चकर्म सेवा | १५७ | १७७ | ३३४ | |
| जेष्ठ नागरिक सेवा | २५८ | २७६ | ५३४ | |
| स्तनपायी आमा तथा शिशु सेवा | ६४ | - | ६४ | |
| प्रयोगशाला सेवा | १२० | २०३ | ३२३ | |
| जम्मा सेवा | १५४२ | १३७० | २९१२ | |

## ९) सूचना अधिकारी र प्रमुखको नाम र पदः

श्री सावित्री न्यौपाने, वैद्य निरीक्षक, सूचना अधिकारी, ९८४६५५६६९८, ९८५६०४६४७७

डा. कुमार कासुला, आयुर्वेद चिकित्सक, कार्यालय प्रमुख, ९८५६०४५६५३

## १०) ऐन, नियम, बिनियम वा निर्देशिकाको सूचीः

- आयुर्वेद चिकित्सा परिषद् ऐन, २०४५
- आयुर्वेद स्वास्थ्य नीति, २०५२
- नेपाल स्वास्थ्य सेवा ऐन, २०५३
- नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५
- स्वास्थ्य संस्था स्थापना तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७०
- वार्षिक रुपमा प्राप्त हुने आयुर्वेद सेवा संचालन मार्गदर्शन/निर्देशिका/मापदण्ड आदि

### ११) आम्दानी, खर्च ताथ आर्थिक कारोवार सम्बन्धी अध्यावधिक विवरणः

| बजेट/ब..उ..शि. नं.. | विनियोजित बजेट | २०८३ असार मसान्त सम्मको खर्च | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| चालु/३७००१०१५३ | १,१२,८३,००० | ७६,९६,९४०.२ | ६८.२२ | |
| पूँजीगत/३७००१०१५४ | १०,००,००० | ९,९०,४०३ | ९९.०४ | |
| संघ सशर्त/३७०९१०२१३ | १८,३७,००० | १७,७७,२५८ | ९६.७५ | |
| स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम संघ सशर्त ३७०९१०११३ | ८,००,००० | ६,१६,३५७ | ७७.०५ | |
| **जम्मा** | १,४९,२०,००० | १,१०,८०,९५८.२ | ७४.२ | |

**१२) सार्वजनिक निकायको वेवसाईट भए सो को विवरण** :- www.pahl.gandaki.gov.np,

e-mail:- dahc.lamjung@gmail.com

**१३) सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सूचना उपलब्ध गराएको विवरणः-**

माग नभएको